आज मिति २०८२ साल माघ २९ गते बिहीबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ५६ (छपन्नौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृत: श्री कृष्ण गिरी

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. संस्था दर्ता सम्बन्धमा।
३. राधास्वामी सत्संग व्यास नेपाललाई जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धमा।
४. वडा नम्बर ०८ अन्तर्गत निम्तो सामुदायिक भवन निर्माण योजना कार्यान्वयनको लागि जग्गा उपयोग सम्बन्धमा।
५. कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा।
६. गाडी मर्मत सम्बन्धमा।
७. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नमोबुद्ध नगरपालिका ०२ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८२/०८३, च.नं. ९६२, मिति २०८२/१०/०७ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री पिपलचौर भिमसेन गुठी समुह, नमोबुद्ध-०२, काभ्रेपलाञ्चोक नियमानुसार दर्ता गर्ने।

निर्णय नम्बर ३:

दर्ता नम्बर ५०/०४६/०४७ मा दर्ता भएको राधास्वामी सत्संग व्यास नेपाललाई जग्गा उपलब्ध गराई पाउँ भन्ने बारे प्राप्त पत्रको सन्दर्भमा काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध नगरपालिका वडा नम्बर ०२ (साविक फुलेबारी गा.वि.स. वडा नम्बर ०५) स्थित कित्ता नम्बर ९६७ को जग्गा भित्रको नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको प्रशासनिक भवनको उत्तरपुर्व साविक कृषि विकास शाखा/पशु सेवा शाखा, कर्मचारी आवास, कृष्ण मन्दिर र हाल सामुदायिक सिकाई केन्द्र/खानेपानी उपभोक्ता समितिको कार्यालय रहेको क्षेत्र वरपरको जग्गा (२-१-०-०) मा प्रस्तावित ड्रईङ डिजाईन तथा लगत इष्टिमेट बमोजिम सो संस्थाको भवन तथा कार्यालय व्यवस्थापनको लागि पूर्वाधारहरु बनाउन सहजताको लागि राधास्वामी सत्संग व्यास नेपालले उपयोग गर्न वा लिजमा लिन आवश्यक भएको हुँदा सो जग्गा राधास्वामी सत्संग व्यास नेपालले उपयोग

गर्न वा दीर्घकालीन समयका लागि लिजमा उपलब्ध गराउनको लागि जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक र सम्बन्धित निकायमा पत्राचार सहित अनुरोध गर्ने।

**निर्णय नम्बर ४:**

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, समाजिक विकास कार्यालयको प.सं. २०८२/०८३, च.नं. ३५९, मिति २०८२/०९/२४ गतेको जग्गा सुनिश्चितता सम्बन्धी प्राप्त पत्रानुसार आर्थिक वर्ष २०८२/०८३ को लागि बागमती प्रदेश सरकारबाट यस नगरपालिकाको वडा नम्बर ०८ अन्तर्गत निम्तो सामुदायिक भवन निर्माण गर्ने गरी रु. १४,००,००० (चौध लाख) बजेट सहितको कार्यक्रम स्वीकृत भएकोले सो योजना कार्यान्वयन तथा भौतिक निर्माणका लागि वडा नम्बर ०९ स्थित पहिला भवन निर्माण भएको सार्वजनिक जग्गा कि.नं. ४३४ मा वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. ७६९, मिति २०८२/१०/०२ गतेको सिफारिस बमोजिम तोकिएको स्थानमा ०८ नम्बर वडा कार्यालयले स्वामित्व ग्रहण गरी संचालन एवं व्यवस्थापन गर्ने गरी सो योजना कार्यान्वयनको लागि वडाध्यक्षको रोहवरमा गठन भएको उपभोक्ता समितिलाई उक्त जग्गा उपयोग गर्न दिने।

**निर्णय नम्बर ५:**

नमोबुद्ध नगरपालिका ०९ नम्बर वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं.  मिति २०८२/१०/२५ गतेको पत्रानुसार वडा कार्यालयमा ज्यालादारीमा कार्यरत रहेका श्री अन्जली तामाङलाई नियामानुसार करार सेवामा कार्यालय सहयोगी पदमा पदपूर्ति सम्बन्धमा मिति २०८२/१०/२५ गतेको वडा समितिको निर्णयलाई अनुमोदन गर्ने।

**निर्णय नम्बर ६:**

नमोबुद्ध नगरपालिकामा रहेको बा २ झ १८०१ नम्बर र बा १४ च १४१३ को सवारीसाधनमा इन्जिन लगायतका पाटपुर्जामा समस्या भई मर्मत गर्नु पर्ने भएकोले लागत अनुमान अनुसार मर्मत सम्भार गरी सोही अनुसार प्रचलित कानुन बमोजिम भुक्तानी गर्ने।